# लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लेटाङ, मोरङ

**नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर चौथो) पदमा भूतपूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको लागि छनौट परीक्षाको पाठ्यक्रम, २०८१**

**लिखित परीक्षा (वस्तुगत र विषयगत)**

**विषय: सामान्य ज्ञान र भाषा सम्बन्धी विषयवस्तु**

**पूर्णाङ्क – १०० उत्तीर्णाङ्क – ३५ समय: ३ घण्टा**

**अन्तरवार्ता**

**विषय: सेवा सम्बन्धी, व्यक्तित्व, सामान्य ज्ञान र शैक्षिक योग्यता**

**पूर्णाङ्क – २० (अन्तरवार्ता – १५ र शैक्षिक योग्यता – ५)**

**(शैक्षिक योग्यता बापत प्रथम श्रेणीलाई ५, द्वितीय ३ र तृतीय २)**

**(वस्तुगत प्रश्नमा गलत उत्तर दिइएमा सही उत्तर बापत प्राप्त हुने अङ्कबाट २० प्रतिशत अङ्क कट्टा हुनेछ)**

**खण्ड – क वस्तुगत (२५*२=५०)**

**१. भूगोल**

- नेपालको भूगोल: अवस्थिति, हावापानी, हिमश्रृंखला, नदीनाला, ताल तलैया, र वनजंगल।

**२. इतिहास, संस्कृति र सामाजिक अवस्था**

- नेपालको प्राचीनकाल तथा मध्यकालको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था।
- आधुनिक नेपालको इतिहास: पृथ्वीनारायण शाह देखि वर्तमान अवस्थासम्मको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था।
- नेपालको प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला।
- लेटाङ नगरपालिकाको प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला।

३. नेपालमा विकासका पूर्वाधारहरू: कृषि, उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्य।

४. पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिकी, शहरीकरण, बसोबास, प्रदुषण तथा राष्ट्रिय सम्पदा, राष्ट्रिय निकुञ्ज तथा आरक्षित क्षेत्रको संरक्षण सम्बन्धी जानकारी।

५. लेटाङको जनसंख्या, सहरीकरण, बसोबास, वातावरण संरक्षण सम्बन्धी जानकारी।

६. कम्प्युटर, मोबाइल, इमेल इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन, रोबोट जस्ता नविनतम प्रविधिले मानव जीवनमा पारेको प्रभाव।

७. राजनीतिक, सामाजिक, सांस्कृति, आर्थिक, खेलकुद, पुरस्कार कला र साहित्य सम्बन्धी समसामयिक घटना तथा नवीनतम गतिविधिहरूबारे सामान्य जानकारी।

८. नेपालको संविधान (भाग १, २, ३, ४, ५ र अनुसूचीहरू) सम्बन्धी जानकारी।

९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७

१०. प्रहरी संगठन सम्बन्धी समसामयिक जानकारी, प्रहरी सेवाको दर्ज्यानी चिन्ह, पद तथा श्रेणी, ट्राफिक संकेत सम्बन्धी जानकारी।

११. स्थानीय सुरक्षा व्यवस्था सम्बन्धी जानकारी।

## खण्ड – ख

यस खण्डमा उम्मेद्वारको भाषिक ज्ञान सिप र क्षमता सम्बन्धी परीक्षण गरिनेछ। यसका लागि नेपाली भाषाको सामान्य व्याकरण, शुद्ध लेखन, बोध, खुल्ला लेखन सिप, शैली र गतिको मूल्याङ्कन गरिनेछ। यसको लागि तलका विषयवस्तुबाट वस्तुगत (वहुवैकल्पिक वा अन्य), छोटो उत्तर वा संक्षेपीकरण र निवन्ध लेख्ने प्रश्नहरू सोधिनेछ।

### नेपाली भाषा परीक्षणका विषयवस्तु - २५

**१. व्याकरण (वस्तुगत)** **(५*१=५)**

काल, लिङ्ग, वचन, करण, अकरण, नाम, सर्वनाम

**२. खुल्ला लेखन (विषयगत)** **(१*१०=१०)**

निवन्ध - १०

**३. नेपाली वोध (विषयगत)** **१०**

a. संक्षेपीकरण (१*३=३)
b. प्रतिवेदन लेखन (१*५=५)
c. शुद्ध लेखन (१*२=२)

## खण्ड – ग

यस खण्डमा उम्मेद्वारको भाषिक ज्ञान सिप र क्षमता सम्बन्धी परीक्षण गरिनेछ। यसका लागि अंग्रेजी भाषाको ग्रामर, बोध, खुल्ला लेखन सिप, शैली र गतिको मूल्याङ्कन गरिनेछ। यसको लागि तलका विषयवस्तु र क्षेत्र Content and Area बाट वस्तुगत (वहुवैकल्पिक वा अन्य), Translation र Essay Writing जस्ता प्रश्नहरू सोधिनेछ।

### अंग्रेजी भाषा परीक्षणका लागि विषयवस्तु २५

1. Translate given Nepali text into English (Subjective) (1*5=5)
2. Essay Writing (Subjective) (1*10=10)
3. Structure Testing (Objective) (5*2=10)
   i. Part of Speech
   ii. Tense
   iii. Article
   iv. Preposition
   v. Tag Question

**लागु हुने मिति: २०८१।०७।१०**